## मिति २०७४ साल माघ १० र ११ गते काठमाडौंमा सम्पन्न जिल्ला समन्वय समिति महासंघ नेपालको काठमाण्डौमा सम्पन्न राष्ट्रिय परिषदको बैठकले जारि गरेको समसामयिक प्रस्ताव तथा

# घोषणा - पत्र २०७४

१. नेपालको संविधान अनुसार गणतन्त्र कार्यान्वयन र संस्थागत विकासका लागि संघ, प्रदेश र स्थानीय तहका सबै निर्वाचन सम्पन्न गरिएकोमा नेपाल सरकार र निर्वाचन आयोगलाई जिल्ला समन्वय समिति महासंघ नेपालको यो राष्ट्रिय परिषद धन्यवाद ज्ञापन गर्दछ ।

२. नेपाली जनताको आन्दोलनबाट प्राप्त उपलब्धीको रुपमा संविधान प्राप्त भएपछि स्थानीय तहको रुपमा जिल्ला समन्वय समितिलाई संबैधानिक रुपमा व्यवस्था गरिएकोमा जिल्ला समन्वय समिति महासंघ नेपाल हार्दिक स्वागत गर्दछ ।

३. जिल्ला समन्वय समिति मशासंघ नेपालको यो परिषद बैठक जिल्ला विकास समिति महासंघ नेपालले विगत २२ वर्ष देखि गर्दै आएको स्थानीय स्वायत्तता, विकेन्द्रीकरण र समावेशीताको लागि गरिएका प्रयत्न र पहलको सह्राकना गर्दै आगामि दिनका लागि उक्त कार्यहरुको सम्पूर्ण स्वामित्व ग्रहण गर्दछ ।

४. जिल्लासभा निर्वाचित जनप्रतिनिधिमूलक सरकारका रुपमा आफ्नो अधिकारक्षेत्रको कार्यान्वयन गर्न स्वतन्त्र र स्वायत्त रहने हाम्रो अटल विश्वास रहेको छ । जिल्लासभाले संविधान तथा कानुन प्रदत्त आफ्नो अधिकारक्षेत्रका बिषयमा कानुन बनाउने तथा जिल्ला समन्वय समितिले स्वतन्त्र रुपमा कार्यपालिकीय काम गर्ने कुरालाई निर्धक्क भएर अभ्यास गर्न जिल्लासभालाई आव्हान गर्दछौं ।

५. जिल्लास्तरीय विभिन्न सरकारी कार्यालयहरु नरहने हुँदा ती कार्यालयहरुको भौतिक सम्पतिहरु जिल्ला समन्वय समितिको स्वामित्वमा ल्याइयोस् र अन्य कार्यालयहरुलाई वितरण गर्ने निर्णय गर्दा जिल्ला समन्वय समितिको सहमतिमा गर्न माग गर्दछ ।

६. जिल्ला भित्रको प्राकृतिक श्रोत र अन्य जिल्ला स्तरीय राजस्व संकलनमा जिल्ला समन्वय समितिको भूमिका र हिस्सा प्राप्तिका लागि कानुनी व्यवस्था गरियोस् ।

७. जिल्ला समन्वय समितिलाई संबैधानिक रुपमा सन्तुलित विकास, अनुगमन, समन्वय र स्थानीय तहको क्षमता विकास गर्ने अधिकार दिएको हुदा ती काम गर्न सक्ने गरि ऐन सहित श्रोत, साधन र जनशक्ति सम्पन्न बनाउन नेपाल सरकार समक्ष यो परिषद माग गर्दछ ।

८. नेपालको संविधानले शासकीय स्वरुपको संरचनामा संघ, प्रदेश र स्थानीय तह उल्लेख गरेकोमा स्थानीय तह अन्तरगत गाउँपालिका, नगरपालिका र जिल्लासभा राखिएपनि राजकीय सत्ताको प्रयोग स्थानीय तहबाट हुने भनिएकोमा गाउँपालिका र नगरपालिकाले संविधानको अनुसूचि ८ मा उल्लिखत २२ वटा अधिकारहरु अन्तरगत ऐनहरु बनाउन सक्ने तर जिल्ला सभालाई ऐन बनाउने अधिकार संविधानमा उल्लेख नगरिएकोले गाउँपालिका र नगरपालिकाले सरह जिल्ला सभाले समेत आफ्नो अधिकार क्षेत्र अन्तरगत ऐन बनाउन सक्ने संवैधानिक अधिकार संविधान संशोधन गरी सुनिश्चित गरियोस् ।

९. हालै जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ अपूर्ण र अस्पष्ट रहन गएकोले अधिकारहरुको स्पष्टताका लागि उक्त ऐन संशोधन गरी जिल्ला समन्वय समितिलाई समन्वय, सन्तुलन र अनुगमनका लागि अधिकार क्षेत्र र काम कर्तब्य सम्वोधन हुने गरी ब्यवस्था गरियोस् ।

१०. जिल्ला समन्वय समिति निर्वाचत भैसकेको अवस्था र स्थानीय सरकार सञ्चालन ऐन जारी गरिसकेपछि पनि नेपाल सरकारका विभिन्न मन्त्रालयहरुबाट भएका विभिन्न परिपत्रहरुप्रति यो परिषद असहमति ब्यक्त गर्दै स्थानीय तहलाई गरिएको संवैधानिक ब्यवस्था वमोजिम अधिकार विन्यास गर्न माग गर्दछ ।

११. जिल्लास्तरमा विगत आर्थिक बर्षदेखि सम्झौता भई निर्माणाधिन रहेका आयोजनाहरु लाई जिसस मार्फत कर्यान्वयन हुने गरी निरन्तरता दिने ब्यवस्था गरियोस् ।

१२. राष्ट्रिय तथा अन्तराष्टिय गैससहरुले जिल्ला भित्र आफना कार्यक्रम संचालन गर्दा जिल्ला समन्वय समितिसँग समन्वय गरेर मात्र गर्ने न्यवस्था गरियोस् ।

१३. जिल्ला समन्वय समितिको कोषमा रहेको रकम जिल्ला सभाले निर्णय गरी जिल्लाका अत्यावशयकीय क्षेत्रमा खर्च गर्न पाउने न्यवस्था गरियोस् ।

१४. संक्रमणकालीन अवस्थामा कर्मचारी समायोजन गर्दा जिल्लाको अवस्था हेरी सहसचिवस्तर सम्मको जिल्ला समन्वय अधिकारीको न्यवस्था गर्न यो परिषद माग गर्दछ ।

१५. जिल्लामा रहेका कार्यालयहरु र कर्मचारीको न्यवस्थापन तथा समायोजन गर्दा जिल्ला समन्वय समितिलाई आवश्यक पर्ने विषयगत शाखाहरु (पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, क्षमता विकास), प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने, जिल्लाको तथ्यांक संलकन, प्रशोधन र प्रकाशन गर्ने, जलवायु परिवर्तन सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने तथा जिल्लाको समग्र विकास अवधारणा पत्र तयार गर्ने र सोका आधारमा गाउँ/नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयनमा सहजिकरण गर्ने, जिल्लास्तरमा आवश्यक नीति तर्जुमा कार्यमा क्षमता रहने गरी एक-एक जना विषय विज्ञ कर्मचारीहरु सहितको संगठन संरचना र दरवन्दीको जिल्लासभाले आफ्नो आवश्यकता अनुसार निर्धारण गर्ने न्यवस्था गरियोस् ।

१६. जिल्लामा रहेका समितिहरु (जस्तै : जिल्ला विपद् न्यवस्थापन समिति, जिल्ला दररेट निर्धारण समिति, खानी अनुगमन समिति, जिल्ला जलश्रोत समिति, DPAC लगायतका समितिहरु जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा रहने गरी अबिलम्ब पुनर्न्यवस्थापन गर्न आवश्यक कानुनी न्यवस्था गरियोस् ।

१७. संघ तथा प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजित कार्यक्रम तथा बजेटको जानकारी जिल्ला समन्वय समितिलाई अनिवार्य गराउने न्यवस्था गरियोस् ।

१८. संघ तथा प्रदेशबाट जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दा जिल्ला समन्वय समितिमार्फत मात्र सञ्चालन गरियोस् र त्यसको बजेट जिल्ला समितिमा विनियोजन गरियोस् ।

१९. अन्तर गाउँपालिका तथा नगरपालिकास्तरीय कार्यक्रम तथा जिल्ला गौरवका योाजना जिल्ला समन्वय समितिमार्फत सञ्चालन गर्ने न्यवस्था गरियोस् ।

२०. विभिन्न मन्त्रालयहरुबाट स्थानीय तहमा विनियोजित गरिने कार्यक्रम तथा बजेटको जानकारी जिल्ला समन्वय समितिलाई हुनुपर्ने र योजना तर्जुमा, अनुगमन र समीक्षामा जिल्ला समन्वय समितिको भूमिकालाई अनिवार्य गरिनुपर्ने न्यवस्थाका लागि माग गर्दछ ।

२१. स्थानीय तहका तीनवटै संघ महासंघहरुलाई नेपाल सरकारले विगतमा उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिनका लागि पहल गर्न आग्रह गर्दछ ।

२२. स्थानीय तहका कर्मचारी स्थानीय सेवामा समायोजन गर्दा मनोवल उच्च हुने तथा अन्य सेवा समूहबाट समायोजन भई आउने कर्मचारीबीच भेदभाव नहुने गरी गर्ने ।

२३. विपद् न्यवस्थापन जस्तै भुकम्प पुनर्निमाण, बाढी पहिरो, शीत लहरजस्ता राष्ट्रिय कार्यक्रम तथा गरिवी निवारण कोष, वैकल्पिक उर्जा विकास केन्द्र, सडक बोर्ड, ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति, सीमा विकास कोष, जनता आवास कार्यक्रमबाट स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम जिल्ला समन्वय समितिको समन्वयमा मात्र कार्यान्वयन गरियोस् ।

२४. गृह मन्त्रालयबाट बनाइएका मर्यादाक्रम सूचिमा उपप्रमुख तथा सदस्यज्यूहरुको मर्यादा नतोकिएको हुँदा यथाशिघ्र सम्बोधनका लागि गृह मन्त्रालयको ध्यानाकर्षण गराउने निर्णय गर्दछ ।

२५. नेपालको संविधानको धारा ८६(२क) राष्ट्रिय सभाको गठन गर्न निर्वाचन मण्डलमा जि.स.स.का प्रमुख उपप्रमुख र सदस्यलाई समेत समावेश गर्ने गरी संविधानको प्रकृया अगाडि बढाउन राजनैतिक दल र विधायिका संसदलाई विशेष आग्रह गर्दछ ।

२६. संघ तथा प्रदेशको कानुन बनाउने तथा निर्णय प्रक्रियामा स्थानीय तहका संघ महासंघको सहभागिता तथा परामर्शलाई कानुनबाटै सुनिश्चित गरियोस् । अन्तर सरकारी वित्त परिषद लगायतका संघीय तथा प्रदेशस्तरमा विद्यमान तथा गठन हुने संरचनामा जिल्ला समन्वय समितिको प्रतिनिधिमूलक महासंघको अनिवार्य प्रतिनिधित्व हुने न्यवस्था गरियोस् ।